नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

रुकुमकोट, रुकुम पूर्व

०८८-४१३०८३ ०८८-४१३०६९
daorukumeast@moha.gov.np
daorukumeast76@gmail.com
daorukumeast.moha.gov.np

visit Nepal 2020 Lifetime Experience

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व)

प.सं.: २०७७/०७८
च.नं.: २०६१

मिति: २०७७/०५/२१

श्री गृह मन्त्रालय,
विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा,
(राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र)
सिंहदरवार, काठमाडौं ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
प्रदेश नं. ५, वुटवल, नेपाल ।

विषयः- **निर्णय प्रतिलिपि पठाइएको सम्बन्धमा।**

प्रस्तुत विषयमा कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि गठित (CCMC अन्तर्गत) जिल्लागत संरचनाको मिति २०७७/०५/२१ मा बसेको बैठकबाट भएका निर्णयको छाँयाप्रति यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

२०७७-०५-२१

..........................
अञ्जु पोखरेल
सहायक प्रमुख जिल्ला अधिकारी

आज मिति २०७७/०५/२१ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री राज कुमार राईको अध्यक्षतामा जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्र (DCCMC) कोभिड-१९ को वैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति:**

| | | | |
|---|---|---|---|
| श्री राज कुमार राई | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व | |
| श्री गजुसिद्धि बज्राचार्य | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय, रुकुम पूर्व | |
| श्री सुदन आचार्य | स.प्र.ना.उ. | सशस्त्र प्रहरी वल नेपाल,आश्रित गुल्म, रुकुमकोट, रुकुम पूर्व | |
| श्री प्रविण पनेरु | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रुकुम पूर्व | |
| श्री आश्विन मल्ल | सहसेनानी | खडगदल गण सुरक्षा गुल्म, रुकुम पूर्व | |
| श्री अन्जु पोखरेल | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व | |
| श्री विमला रोका श्रेष्ठ | नि.जि.स.अ. | जिल्ला समन्वय समितिको कार्यालय, रुकुम पूर्व | |
| श्री चन्द्रसिंह श्रेष्ठ | प्र.प्र.अ. | भुमे गाउँपालिका, रुकुम पूर्व | |
| श्री कृष्ण घर्ति | मे.सु. | जिल्ला स्वास्थ्य कार्यालय, रुकुम पूर्व | |
| श्री यादव प्रसाद शर्मा | नि.का.प्र. | स्वास्थ्य कार्यालय, रुकुम पूर्व | |

**सल्लाहकार**

| | | |
|---|---|---|
| श्री कुमारी वराल गौतम | अध्यक्ष | सिस्ने गाउँपालिका, रुकुम पूर्व |

**आमन्त्रित**

| | |
|---|---|
| श्री देवीलाल पौडेल | मलेरिया ईनिसपेक्टर स्वास्थ्य कार्यालय, रुकुम पूर्व |
| श्री सुरेन्द्र प्रसाद यादव | जनस्वास्थ्य अधिकृत सिस्ने गाउँपालिका, रुकुम पूर्व |

**निर्णय नं. १**

कोभिड-१९ प्रकोपका अतिरिक्त जिल्लामा घटेका घटनाहरुको सूचना सबै क्षेत्रबाट संकलन गर्न, प्रवोधिकरण गर्न, एकद्वार प्रणालीबाट प्रतिवेदन गर्नको लागि तपशिल बमोजिमको JEOC(Joint Emergency Operation Centre) गठन गरियो । साथै जनस्वास्थ्य कार्यालयले फोन र ईमेल jeocrukumeast@gmail.com मा अनिवार्य प्रत्येक दिन दिनको २:00 बजे र ४:00 बजे सूचना पठाउने निर्णय गरियो ।

**तपशिल**

JEOC(Joint Emergency Operation Centre)

| | | | |
|---|---|---|---|
| श्री अञ्जु पोखरेल | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व | संयोजक |
| श्री ………… | प्रतिनिधी | खडगदल गण , रुकुम पूर्व | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री ................ | प्रतिनिधी | जिल्ला प्रहरी कार्यालय, रुकुम पूर्व | सदस्य |
| श्री................ | प्रतिनिधी | सशस्त्र प्रहरी वल नेपाल आश्रित गुल्म, रुकुम पूर्व | सदस्य |
| श्री कुमार देवकोटा | व.अ.स. | अनुसन्धान जिल्ला कार्यालय,रुकुमा पूर्व | सदस्य |
| श्री रेशम कुमार रोका | सूचना समन्वयकर्ता | प्रदेश सूचना केन्द्र, रुकुम पूर्व | सदस्य सचिव |

**निर्णय नं. २**

अत्यावश्यक सेवा बाहेकका सवारी साधन र आवागमन बन्द गर्ने सम्वन्धी मिति २०७७ भाद्र १५ गतेको DCCMC ले गरेको निर्णय नं. २ लाई आगामी भाद्र ३१ गते राति १२ बजे सम्मका लागि निरन्तरता दिने साथै निर्माण सामाग्री ढुवानीका सवारी साधनलाई यात्रु बोक्न नपाउने गरी सवारी अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ३

तीनवटै गाउँपालिकाका कार्यालयहरुमा Front Desk मा खटिएर काम गर्ने कर्मचारी, सुरक्षाकर्मी, सवास्थ्यकर्मी, उद्योगी, व्यवसायी, कोभिड-१९ संक्रमित जिल्लाबाट आएका व्यक्ति समेत समेटिने गरी आगामी मिति २०७७/०५/२३ र २४ गतेका दिन PCR परिक्षणका लागि स्वाव संकलन गर्ने निर्णय गरियो । PCR परिक्षणका लागि स्वाव संकलन गर्नुपर्ने व्यक्तिहरुको कारण सहितको विवरण सम्वन्धित गाउँपालिकाले मिति २०७७/०५/२२ गते दिउँसो ३;०० बजेभित्र स्वास्थ्य कार्यालयलाई उपलव्ध गराउने निर्णय गरियो । स्वाव संकलन पश्चात स्वाव दिने व्यक्तिहरु नतिजा प्राप्त नहुँदासम्म अनिवार्य होम क्वारेन्टाईन अथवा कवारेन्टाईनमा वस्नुपर्ने, होम क्वारेन्टाईनमा बसे नबसेको यकिन सम्वन्धित गाउँपालिका मार्फत वडा कार्यालयलाई जिम्मेवार बनाउने ।

प्रमुख जिल्ला अधिकारी